## बैठक नं. १२

आज मिति २०७९ मंसिर २९ गते बिहिबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपाने ज्यूको अध्यक्षतामा १२औं कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री तिलप्रसाद काफ्ले | नगर प्रवक्ता | |
| ४ | श्री कृष्ण बहादुर के.सी | सदस्य | |
| ५ | श्री शरद प्रसाद घिमिरे | सदस्य | |
| ६ | श्री होमनाथ पौडेल | सदस्य | |
| ७ | श्री गिर बहादुर थापा क्षेत्री | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद सापकोटा | सदस्य | |
| ९ | श्री मिन बहादुर सोती | सदस्य | |
| १० | श्री भुमिसरा आले | सदस्य | |
| ११ | श्री नुन प्रसाद बाचे | सदस्य | |
| १२ | श्री बलिराम सापकोटा | सदस्य | |
| १३ | श्री रेप्ती कुमार घर्ति | सदस्य | |
| १४ | श्री लोक प्रसाद भुर्तेल | सदस्य | |
| १५ | श्री एकदेव पौडेल | सदस्य | |
| १६ | श्री गोपालं थापा | सदस्य | |
| १७ | श्री सुरेश कुमार रानाभाट | सदस्य | |
| १८ | श्री केशव राज गौतम | सदस्य | |
| १९ | श्री गणेश शर्मा चालिसे | सदस्य | |
| २० | श्री गोमा देवी पौडेल | सदस्य | |
| २१ | श्री मधु माया गुरुङ | सदस्य | |
| २२ | श्री फुल माया वि.क | सदस्य | |
| २३ | श्री पार्वती कंडेल | सदस्य | |
| २४ | श्री जानकी देवी गुरौ (लामिछाने) | सदस्य | |
| २५ | श्री विद्या बहादुर विश्वकर्मा | सदस्य | |
| २६ | श्री जय बहादुर वि.क | सदस्य | |
| २७ | श्री गिता देवी बोटे | सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

Scanned with CamScanner

अन्य उपस्थिति

१. डिवलाल डोहट, अधिकृत आठौं, प्रशासन तथा योजना शाखा
२. कृष्ण प्रसाद शर्मा, अधिकृत सातौं, आयुर्वेद शाखा
३. श्याम कृष्ण तिवारी, पशु विकास अधिकृत, पशु सेवा शाखा
४. शिव सापकोटा, अधिकृत छैटौं, आर्थिक विकास शाखा
५. टिकाराम कस्याल, इन्जिनियर, पूर्वाधार शाखा
६. नन्दलाल ढकाल, अधिकृत छैटौं, शिक्षा शाखा
७. विमला लम्साल, अधिकृत छैटौं, सामाजिक विकास शाखा
८. कृष्ण हरी सापकोटा, सूचना प्रविधि अधिकृत, सूचना शाखा
९. सिता न्यौपाने, सि. अ. हे. व. स्वास्थ्य शाखा
१०. संगिता सापकोटा, अधिकृत छैटौं, प्रशासन शाखा
११. अनिता ज्ञवाली, रोजगार संयोजक, रोजगार शाखा
१२. शिव प्रमोद पराजुली, सि. अ. हे. व. स्वास्थ्य शाखा
१३. निर्मला कडेल, फिल्ड सहायक, पञ्जीकरण शाखा
१४. शेषराज पौडेल, सहायक पाँचौं, योजना उपशाखा
१५. नरेन्द्र भुडरी, ना. प्रा. स., कृषि विकास शाखा
१६. सिता पौडेल, सहायक पाँचौं, सामाजिक विकास शाखा

Scanned with CamScanner

१२ औ कार्यपालिका बैठकको छलफलका विषय/बैठक मिति २०७९ मंसीर २९ गते

१। अगील्लो बैठकको निर्णय समिक्षा सम्वन्धमा,
२। प्रथम चौमासिक समिक्षा गर्ने सम्वन्धमा,
३। हिउदे सभाको मिति तोक्ने सम्वन्धमा,
४। फोहरमैला व्यवस्थापन र कृषि बजार स्थापनाका लागि जग्गा व्यवस्था सम्वन्धमा,
५। कृषि विकास बैकको जग्गा लिजमा लिने सम्वन्धमा,
६। वैकल्पिक उर्जाको रकमबाट स्वास्थ्य संस्थाहरुमा सोलार पावर राख्ने सम्वन्धमा,
७। ब्लडबैकका लागि रकम उपलब्ध गराउने सम्वन्धमा,
८। आ.व. ०८०/०८१ का लागि संघीय समपुरक र विशेष अनुदानमा योजना शिफारिश गर्ने सम्वन्धमा,
९। वडा कार्यालयहरुबाट प्राप्त निवेदन/माग सम्वन्धमा
१०। विविध
  १। उच्च शिक्षाको लागि छात्रवृति शिफारिश सम्वन्धमा,
  २। विद्यालय कर्मचारी र सहयोगीको नपुग तलव सम्वन्धमा,
  ३। शिक्षण सहयोग कोटाका शिक्षकको नियुक्ती सम्वन्धमा,
  ४। मतदाता शिक्षाको लागि भएको खर्च उपलब्ध गराउने सम्वन्धमा,
  ५। पशु विमाको शिफारिश शुल्क कम गर्ने सम्वन्धमा,
  ६। घटना दर्ता तथा पंजीकरण कार्यक्रम संसोधन सम्वन्धमा,
  ७। घरनक्सा अभिलेखीकरण सम्वन्धमा,
  ८। मिर्गौला पिडितलाई आर्थिक सहयोग सम्वन्धमा,
  ९। कर छुटको निवेदन सम्वन्धमा,
  १०।अटो रिक्सा, इ रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि सम्वन्धमा,

देवचुली नगरपालिकाको बाह्रौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१। एघारौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। चालु आर्थिक बर्ष २०७९/८० को स्वीकृत बार्षिक नीति, योजना र कार्यक्रमको प्रथम चौमासिक अवधि (२०७९ श्रावण देखि कात्तिक मसान्त सम्म) मा सम्पन्न भएका कार्यक्रम/क्रियाकलापहरुको समिक्षा गरीयो । समिक्षाको क्रममा उठेका जिज्ञासा तथा सवालहरु समेत समावेश गरी प्रथम चौमासिक प्रगति प्रतिवदेन तयार पार्न कार्यालयलाई निर्देशन दिने ।

३। नगरपालिकाको हिउदे अधिवेशन मिति २०७९ पौष २५ गते सोमवार दिनको ११ बजे नगरपालिकाको सभाहलमा बस्ने गरी दोश्रो नगरसभाको दोश्रो अधिवेशन आव्हान गर्ने । हिउदे अधिवेशनमा आर्थिक ऐन, २०७९ मा संसोधन तथा परिमार्जन, बजेट सभाबाट पास भएका



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

योजनाहरुमा संसोधन/परिमार्जन, ऐन, कानुन तथा कार्यविधि स्वीकृत तथा अन्य विविध विषयहरु प्रस्तावको रुपमा पेश गर्ने ।

४। देवचुली नगरपालिका भित्रको फोहरमैला व्यवस्थापनलाई उद्योगको रुपमा विकास गरी वैज्ञानिक हिसावले व्यवस्थापन गर्ने, फोहरमैलालाई आय आर्जन तथा रोजगारी सिर्जनाको माध्यम बनाउन र फोहरमैलाको दीगो र प्रभावकारी व्यवस्थापन गर्न नगरपालिका भित्रको उपयुक्त जग्गा खोजी गरी १ महिना भित्र कार्यपालिका समक्ष शिफारिश गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने,

श्री कृष्ण के.सी.– संयोजक (अध्यक्ष वडा नं. १)
श्री एकदेव पौडेल– सदस्य (अध्यक्ष वडा नं. १३)
श्री बलीराम सापकोटा–सदस्य (अध्यक्ष वडा नं. ९)
श्री गणेश शर्मा चालिसे– सदस्य (अध्यक्ष वडा नं. १७)
श्री पार्वती कडेल– सदस्य ( कार्यपालिका सदस्य)
श्री भिष्म पौडेल–सदस्य सचिव ( सव इन्जिनियर नगरपालिका कार्यालय)

५। देवचुली नगरपालिका भित्र उत्पादन हुने कृषि उपजको खरिद/बिक्री कार्यमा सहजीकरण गर्न एक उपयुक्त कृषि उपज बजार स्थलको आवश्यक भएकोले सोको पहिचान गरी १ महिना भित्र कार्यपालिका समक्ष शिफारिश गर्न देहाय बमोजिम कार्यदल गठन गर्ने,

श्री एकदेव पौडेल– संयोजक (अध्यक्ष वडा नं. १३)
श्री रेप्तीकुमार घर्तीमगर –सदस्य (अध्यक्ष वडा नं. १०)
श्री शरद प्रसाद घिमिरे – सदस्य (अध्यक्ष वडा नं. २)
श्री भुमीसरा आले – सदस्य (अध्यक्ष वडा नं. ७)
श्री जानकीदेवी गुरौ (लामिछाने) – सदस्य ( कार्यपालिका सदस्य)
श्री नरेन्द्र भण्डारी –सदस्य सचिव (प्रा.स.कृषि विकास शाखा, नगरपालिका कार्यालय)

६। नविकरणीय उर्जा प्रविधि जडान शिर्षक अन्तर्गत नगरपालिकालाई प्राप्त भएको रकम रु. ८ लाखबाट नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरु क्रमश : बन्दीपुर स्वास्थ्य संस्था, देवचुली स्वास्थ्य संस्था र दुम्कौली अस्पतालमा सौर्य उर्जा प्रविधि जडान गर्ने । उक्त रकमले पुगेको अवस्थामा हालसम्म विद्युत सेवाको पहुच नपुगेका वडा नं. १७ को चारघरेमा समेत सौर्य उर्जा जडान गर्ने,

७। नेपाल रेडक्रश सोसाइटि, रक्त संचार केन्द्र कावासेतीको माग बमोजिम रक्त संचार केन्द्रका लागि रु. १ लाख अनुदान उपलब्ध गराउने,

८। आ.व. २०७९/०८० का लागि संघीय समपुरक र विशेष अनुदान तर्फ देहायका योजना माग गर्ने

<u>विशेष अनुदान तर्फ</u>

क) मानव र जंगली जनाबर बीचको द्वन्दलाई कम गरी जंगली जनाबरबाट हुने जनधन तथा कृषिवालीको क्षतिलाई कम गर्न नारायणी नदी तर्फ पक्की ढलान सहितको पर्खाल र फेन्सीङ्ग तार लगाउने योजना – प्राथमिकता १,

ख) सुरक्षित आवास कार्यक्रम–प्राथमिकता २



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

जीवन प्रसाद गराशिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**समपुरक अनुदान तर्फ**

क) नगरस्तरीय चक्रपथ (रिङ्गरोड) निर्माण) देवचुली वडा नं. १ देखि १७ – प्राथमिकता १,

ख) बौलाहा खोला, झरही खोला तटबन्ध – प्राथमिकता २,

९। वडा कार्यालयहरुबाट माग भएका निवेदन सम्बन्धमा,

क) देबचुली नगरपालिका वडा नं. २ मा रहेको चौधरी उद्योगबाट निस्कने खरानीको कारण स्थानीय बातावरण, बालीनालीमा हानी नोक्सानी पुर्‍याएको भनी वडा कार्यालयबाट गुनासो आएकोले स्थानीय बातावरण र बालीनालीमा हानी नोक्सानी नपुर्‍याउने गरी उद्योग संचालन गर्न चौधरी उद्योग ग्रामलाई पत्र लेख्ने,

ख) संघीय तथा प्रदेश कानुनको अधिनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्वन्धी नीति, कानुन मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने अधिकार नगरपालिकाको भएकोले नगरपालिकाको अनुमति वेगर जग्गा प्लटिङ्ग गरी बिक्री वितरण नगर्न नगराउन सम्बद्ध सबैलाई जानकारी गराउने,

ग) देवचुली नगरपालिका वडा नं. ४ को कार्यालयबाट प्राप्त माग निवेदन अनुसार वडाको खेलकुद गतिविधि संचालनका खेल मैदान भाडामा लिएको भनी भाडा रकम माग भै आएकोले नगरसभा वा कार्यपालिकाबाट निर्णय भई वजेट विनियोजन नभएको अवस्थामा वजेट उपलब्ध गराउन नसकिने हुनाले अबदेखि त्यसरी माग भएको योजना/कार्यक्रममा वजेट उपलब्ध गराउन नसकिने जानकारी गराउदै एक पटकका लागि रु. ९६०००।० उपलब्ध गराउने ।

घ) देवचुली नगरपालिका वडा नं. ४ को माग अनुसार वडा नं. ४ र ५ लाई पायक पर्ने उपयुक्त स्थानमा खेलकुद मैदान निर्माणका जग्गा शिफारिश गरेको हुनाले उक्त स्थानको बारेमा थप अध्ययन गर्ने,

ङ) छाडा छाडिएका गाई/पशुले किसानहरुको खेतीबालीमा नोक्सानी पुर्‍याइरहेको र त्यस्ता छाडा गाई/पशुहरु बाहिर जिल्लाबाट ल्याई यस नगरपालिका भित्र छाडने गरेको पाइएकोले त्यसलाई नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, शसस्त्र प्रहरी बललाई अनुरोध गर्ने । साथै यसरी छाडा छाडिएका गाई/पशुमा विमाको ट्याग समेत पाइएकोले वीमा गर्ने कम्पनीसंग पशु बस्तुको धनीको विवरण माग गर्ने र नदिएमा कारबाहीका लागि सम्बन्धित नियामक निकायमा पत्राचार गर्ने,

च) देबचुली नगरपालिका भित्र यस अगाडी जडान भएका सौर्य सडक बत्ती चाडो चाडो विग्रने, मर्मत गर्न मंहगो पर्ने हुनाले सोको खासै प्रभावकारीता नभएकोले सौर्य उर्जाबाट जडान भएका सडक बत्तीलाई विस्थापन गर्दै विद्युत प्राधिकरणसंग समन्वय गरी सडक बत्तीको व्यवस्थापन गर्न पहल गर्ने ।

छ) देवचुली नगरपालिका भित्र रहेका भुमीगत सिंचाई प्रणालीलाई व्यवस्थित गर्न हालसम्म जडान भएका सबै डिप बोरिङ्ग/बोरिङ्गको विवरण लिई अध्यावधिक गर्ने । साथै बर्षादको पानी संकलन गरी पानीको रिजर्भ प्रणाली स्थापना गर्न सम्भाव्य स्थानको पहिचान गरी पोखरीहरु निर्माण गर्न तर्फ पहल गर्ने,



हरिप्रसाद न्योपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ज) अति विपन्न नागरिकको औषधी उपचारको लागि आर्थिक सहयोग माग गरी सबै वडाबाट शिफारिश हुने गरेको र औषधी उपचार/आर्थिक सहयोग शिर्षकमा विनियोजन भएको रकमले वडाबासीको मागलाई धान्न नसक्ने देखिएकोले नगरपालिकाले उपलब्ध गराउने सिमित आर्थिक सहयोगको तुलनामा स्थास्थ्य वीमा गरेमा विरामीले धेरै लाभहरु लिन सक्ने हुनाले अति विपन्न नागरिकको स्वास्थ्य बीमा गर्ने सम्बन्धमा वडा कार्यालयहरुबाट विवरण लिई थप प्रक्रिया अगाडी बढाउने,

झ) देवचुली नगरपालिका भित्रको पहाडी भेग कुम्सोत, किर्तिपुर, बन्दीपुर, हर्कपुर, बेलस्वारा हुँदै ग्रामिण भेगलाई समेटेर चक्रपथ निर्माण गर्न सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने,

ञ) नगरपालिका भित्रका विभिन्न स्थानमा ढुङ्गा, गिटी, बालुवा, माटो लगायतका बस्तुहरु अवैध रुपमा उत्खनन् भै चोरी निकासी भैरहेको कारण नगरपालिकाको राजश्वमा समेत नोक्सानी भएकोले अनुगमन गरी त्यस्तो अवैध कार्यलाई तुरुन्त नियन्त्रण गर्ने ।

ट) देवचुली नगरपालिका भित्रको पर्यटकीय सम्भावनाको पहिचान गरी सोको विकास गर्न पर्यटन गुरुयोजना निर्माणका लागि पहल गर्ने,

ठ) देबचुली नगरपालिका वडा नं. १० प्रकृति टोलमा रहेको कित्ता नं. ५१, ५२, ५३, ५४ को २६ कट्ठा र भगबती टोलमा रहेको कित्ता नं. ९१ करीव ४ विगाहा जग्गा नगरपालिकाको नाममा ल्याउन आवश्यक कागजात र प्रमाण जुटाई मालपोत कार्यालय कावासोती मार्फत भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयमा अनुरोध गर्ने,

१०।विविध

**क)** देवचुली नगरपालिका वडा नं १६ स्थित श्री देवचुली माध्यामिक विद्यालयबाट प्राविधिक धार (सिभिल इन्जिनियरिङ्ग) तर्फ कक्षा १२ मा "ए" ग्रेड सहित उर्तिण हुन सफल देबचुली नगरपालिका वडा नं. १६ रजहर स्थायी ठेगाना भएका भक्तिराम भुर्तेलका नाती, हरिप्रसाद भुर्तेलका छोरा माधव भुर्तेलले त्रिभुवन विश्व विद्यालय, पुल्चोक इन्जिनियरिङ्ग क्याम्पसबाट लिइएको प्रवेश परिक्षा–२०७९ (आइ. ओ. एम.) मा नाम निकाल्न सफल भएता पनि घरको कमजोर आर्थिक अवस्थाका कारण विश्व विद्यालयले निर्धारण गरेको शुल्क तिर्न नसकि ४ बर्षे स्नातक तह ( वि.ई सिभिल इन्जिनियर) अध्ययनको अवसरबाट बञ्चित हुनुपर्ने अवस्था आएकोले नगरपालिकाबाट शुल्क प्रायोजन गरिदिन अनुरोध सहित निवेदन प्राप्त भएको र निजको घरको अवस्था बुझ्दा अत्यन्तै कमजोर भएको पाइएकोले अध्ययन सम्पन्न भएपछि कम्तीमा २ बर्ष नगरपालिकामा स्वयंसेवा गर्ने शर्तमा विश्व विद्यालयमा लाग्ने शुल्क रु. ३१८८०10 (अक्षरुपी तीन लाख अठार हजार आठसय असी) ~~किस्तामा दिने गरी~~ नगरपालिकाले शुल्क प्रायोजन गर्ने,

**ख)** देबचुली नगरपालिका अन्तर्गत विद्यालयहरुमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी (आधारभुत तह कक्षा १–५), विद्यालय कर्मचारी (आधारभुत तह कक्षा १–८) र विद्यालय सहायक (लेखापाल) को सेवा सुविधामा २०७९ पौष देखि लागु हुने गरी नेपाल सरकारले निर्धारण गरेको न्युनतम पारिश्रमिक भन्दा कम नहुने गरी उपलब्ध गराउने ।



हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

ग) देवचुली नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा प्राप्त हुने नगरस्तरीय तथा वडास्तरीय शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत शिक्षण सहायक नियुक्ती गर्दा स्थायी अध्यापन अनुमति पत्र प्राप्त व्यक्ति उपलब्ध हुन नसकेको खण्डमा तोकिएको योग्यता पुगेका उमेदबारहरु मध्येबाट अध्यापन अनुमति पत्र नभएका व्यक्तिलाई पनि प्रकृया पुरा गरी शिक्षण सहायक नियुक्त गर्न अनुमति दिने,

घ) हालै सम्पन्न संघीय संसद तथा प्रदेश सभाको निर्वाचनमा निर्वाचन पुर्व मतदाता शिक्षाको काममा खटिएका स्वयंसेवकका लागि पारिश्रमिक र सो काममा भएको अन्य खर्च बापत रु. ७००००।० उपलब्ध गराउने ।

ङ) कृषि तथा पशु विमा कार्यक्रम अन्तर्गत विमा गरेका गाइबस्तु मरेमा शिफारिश शुल्कबापत नगरपालिकाले लिदै आएको शुल्कको हकमा विमा रकम पाउने भए शुल्क यथावत लिने र विमा रकम नपाउने हकमा निशुल्क शिफारिश दिन वडा कार्यालयहरुलाई निर्देशन दिने ।

च) राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभागबाट चालु आ.व.मा प्राप्त बजेट मध्ये एउटा कार्यक्रम "विभागले उपलब्ध गराउने विधि/पद्धति अनुसार वडास्तरबाट घटना दर्ता सप्ताह अभियान संचालन" गर्ने रहेकोमा उक्त बजेटबाट घटना दर्ताका विषयमा आइरहने समस्याका बारेमा जानकारी लिन र स्पष्ट हुन राष्ट्रिय परिचय पत्र तथा पंजीकरण विभागबाट श्रोत व्यक्ति झिकाई वडाध्यक्ष र वडा सचिवहरुका लागि तालिम समेत आयोजना गर्ने गरी कार्यक्रम संसोधन गर्ने,

छ) बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड २०७२ (दोश्रो संसोधन समेत) लागुहुनु पुर्व नक्सापास ईजाजत नलिई बनेका तथा नक्सा पास इजाजत लिएका तर मापदण्ड विपरित बनेका हरु टहराहरु नगरपालिकाले तोकेको न्युनतम राजश्व र सो मा थप २०० प्रतिशत जरिबाना लिई २०८० मसान्त सम्म अभिलेखीकरण गर्ने गरी प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

ज) देवचुली नगरपालिका वडा नं. १५ का बन्दुराज खनाल विगत लामो समयदेखि मृगौला सम्बन्धी रोगबाट ग्रसित भएको र घरको आर्थिक अवस्था पनि कमजोर भएकोले उपचार सहयोग उपलब्ध गराइदिन भनी वडा कार्यालयबाट शिफारिश सहित प्राप्त भएकोले औषधी उपचार खर्च स्वरुप रु. ६००००।० (साठी हजार) उपलब्ध गराउने ।

झ) देवचुली टेक्टर व्यवसायी समितिका अध्यक्षले दिएको निवेदन सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७९ ले निर्धारण गरेको राजश्वको दरलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

ञ) देवचुली नगरपालिका भित्र संचालन हुने अटो रिक्सा, इ–रिक्सा व्यवसायलाई व्यवस्थित गर्न तर्जुमा भएको अटो रिक्सा, ई–रिक्सा दर्ता तथा व्यवस्थापन कार्यविधि, २०७९ लाई परिमार्जन सहित स्वीकृत गर्ने ।

५

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner